प्रतिदिन १६ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : १२९ ॥ २०८१ असार ०५ गते बुधबार (19th Jun 2024 Wednesday) | Pratidin National Daily | मूल्य-रु.५/-

# झापामा बाढी पहिरोले ९ परिवार विस्थापित



झापा(प्रस) । असार शुरु हुँदै झापामा बाढीले क्षति गर्न थालेको छ । लगातार वर्षाका कारण बाढी पहिरोले झापामा ९ परिवार बिस्थापित भएका छन् । बाढीका कारण कचनकवल गाउँपालिका वडा नं. ५ खुट्टागंजको एक परिवार बिस्थापित बनेको छ भने तीन परिवार जोखिममा रहेका छन् । खुट्टागंज बस्ने कुञ्जी राजवंशीको तीनजनाको परिवार पूर्ण रुपमा विस्थापित भई सोही वडाका वडा सदस्य प्रभा राजवंशीकोमा गएर बसेको प्रहरीले जनाएको छ । त्यस्तै श्रीमला देव राजवंशी , कार्तिक राजवंशी र संजय राजवंशीको परिवार जोखिममा परेका छन् ।

मंगलवार विहानको राति आएको अविरल वर्षाका कारण ती मानिसहरुको टाँटी बेराले बनेको टिनको छानो भएको एक तले घरमा अन्दाजी २ फिट पानी पसी डुबान भएको जनाइएको छ ।

त्यस्तै लगातार वर्षाका कारण माई खोलामा आएको बाढीले झापा गाउँपालिकामा मकैबाली नष्ट भएको छ । झापा-२ सुगाबथान र टप्पुगाउँका किसानले भाँचेर खेतमा राखेको करिव ५० विगाहको मकै बाढीले बगाएको वडा नं २ का वडाध्यक्ष हिमालकुमार चम्लागाईले बताए ।

त्यस्तै चन्द्रगढी बिर्तामोड सडकअन्तर्गत बिर्तामोड नगरपालिका वडा नम्बर ८ स्थित हर्चनादेखि प्याकुरेल चोकसम्मको सडकखण्डमा अबिरल बर्षाका कारण बिजुलीको १० वटा पोल ढलेको छ । नारायण श्रेष्ठ र कृष्ण श्रेष्ठको पक्की घरमा एक-एकवटा पोल अड्केको र ८ वटा पोल कामेश्वर श्रेष्ठको चिया बगानमा ढलेको बताइएको छ । उक्त पोलमा जडान गरिएको बिर्तामोड नगरपालिकाबाट प्राप्त ५ वटा सीसी क्यामेरा समेत ढल्न गई खराब भएको प्रहरीले जनाएको छ ।

त्यस्तै अर्जुनधारामा पहिरोका कारण एक परिवार बिस्थापित भएका छन् । अर्जुनधारा नगरपालिका २ को लाप्चेटारमा माथिबाट पहिरो खसेर पुष्पा समाल मगरको घर पुरी क्षति पुर्याएको हो । सो घरका मानिसहरुलाई सुरक्षित स्थानमा बस्ने ब्यबस्था मिलाएको छ । पहिरो खस्ने कार्य जारी रहेको नेपाल रेडक्रस सोसाइटी झापा शाखाले जनाएको छ । त्यस्तै अर्जुनधारा १ मा खानेपानी मुहानमा क्षति पुगेको छ भने अर्जुनधारा २ रातेमा मदन भण्डारी मार्ग उत्तर १० घर डुबानमा परेका छन् । लाप्चेटार सहकाले जाने बाटो पूर्ण अबरोध भएको र केही ठाउँमा खेतीयोग्य जमिन गोयाङ र टाङटिङ नदीले कटान शुरु गरेको छ ।

त्यस्तै अर्जुनधारा ३ मा सुखानी खोलाको कज्बेमा पूर्णरुपमा क्षति पुगी यातायात आवतजावत पूर्णरुपमा बन्द भएको रेडक्रस झापाका सभापति लोकराज ढकालले जानकारी दिए ।

त्यस्तै अविरल वर्षाका कारण बिरीङ खोलाको बाढी पस्दा झापा गाउँपालिकाका चार परिवार बिस्थापित भएका छन् ।

बिरीङ खोलाको पानी पसी अन्दाजी ३ फिट डुबान भएपछि झापा गाउँपालिका वडा नं. ६ युवाटोल बस्ने दिपक आचार्य ,सिता दुलाल , प्रदिप सिंह र नविन बराइलीको परिवार बिस्थापित बनेका हुन् । ती परिवार विस्थापित भई सोही ठाउँ बस्ने केदार श्रेष्ठको खाली घरमा बसेको प्रहरी चौकी शरणामतिले जनाएको छ ।( थप तस्वीरहरु पृष्ठ ३ मा)

# विपदबाट नागरिक जोगाउन सरकारको ध्यानाकर्षण

झापा(प्रस) । प्रतिनिसभा बैठकमा सांसदहरुले मनसुनलगायतका विपदबाट आम नागरिकलाई जोगाउनका लागि पूर्वतयारी, उद्धार तथा राहतको विशेष प्रबन्ध गर्न सरकारको ध्यानाकर्षण गराए । बैठकको शून्य समयमा भाग लिने अधिकांश सांसदले मनसुन सुरु भएकाले पूर्वतयारीसँगै आवश्यक अन्य प्रबन्ध गर्नुपर्नेमा जोड दिए ।

सांसद देवेन्द्र पौडेलले केही वर्ष पहिले बागलुङको भुजीखोला क्षेत्रमा बाढीपहिरोका कारण प्रभावित भएका नागरिकले हालसम्म पनि राहत नपाएकामा सरकारको ध्यानाकर्षण गराए । सांसद बद्रीप्रसाद पाण्डेले यसवर्ष अधिकभन्दा बढी वर्षा हुने प्रक्षेपण आएकाले विपदबिरुद्ध जुध्न सरकारको तयारी कमजोर रहेको उल्लेख गरे ।



सांसद विनिता कठायतले देशभित्र मनसुन भित्रिइसकेको अवस्थामा कर्णाली प्रदेशका विकट क्षेत्रका जनधनको सुरक्षाका लागि सरकारको तर्फबाट के कस्तो तयारी भइरहेको छ ? भन्ने जिज्ञासा राखिन् । सांसद धवलशमशेर राणाले लक्ष्मणपुर बाँधका कारण बर्सेनि नागरिक प्रभावित भएको उल्लेख गर्दै वर्षायाममा बाँध खुलै राख्ने व्यवस्थाका लागि कूटनीतिक पहल गर्न माग गरे ।

सांसद डिगबहादुर लिम्बूले मोरङको लेटाङ क्षेत्रमा जग्गाको कित्ताकाट रोकिँदा स्थानीय समस्यामा परेको बताए । उनले सुकुम्बासीलाई तत्काल लालपुर्जाको प्रबन्ध गर्न पनि माग गरे ।

सांसद तारा लामा तामाङले कञ्चनपुरमा सामाजिक सुरक्षा भत्ताका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गरिँदा ज्येष्ठ नागरिकले दुःख पाएको उल्लेख गर्दै गृहमन्त्रालयको ध्यानाकर्षण गराइन् ।

सांसद तोसिमा कार्कीले असार लागेपछि कालोपत्रमाथि कालोपत्र थप्ने क्रम सहरी क्षेत्रमा बढेपनि डोटी, डडेल्धुरालगायतका जिल्लाका विभिन्न आयोजना अलपत्र परेका विषयमा सरकारको ध्यानाकार्षण गराइन् । सांसद दीपकबहादुर सिंहले बजेट विनियोजन असमान रहेको गुनासो गरे । सांसद दीपा शर्माले सङ्घीय संसद् सचिवालयका कर्मचारीको माग सम्बोधन गर्नुपर्ने बताइन् ।

सांसद दिलेन्द्रप्रसाद बडूले दार्चुला-टिङ्कर नाका खुला भएकामा सरकारलाई धन्यवाद दिँदै मानसरोवर पुग्नेहरुको सहजीकरणका लागि अध्यागमन कार्यालय स्थापनाको माग गरे । सांसद धुव्रबहादुर प्रधानले अन्तर्राष्ट्रियस्तरमा क्रिकेट खेलाडीले देखाएको उत्कृष्ट प्रदर्शनप्रति प्रशंसा गरे ।

सांसद नागिना यादवले तराई-मधेसमा शान्ति सुरक्षाको अवस्था कमजोर रहेको उल्लेख गर्दै गृहमन्त्रालयको ध्यानाकर्षण गराइन् । उनले मनसुन सुरु भइसकेकाले विपद्बाट जोगाउनका लागि पूर्वतयारीको प्रबन्ध के-कसो भइरहेको छ भन्दै गृहमन्त्रालयको ध्यानाकर्षण गराइन् । सांसद नारायणप्रसाद आचार्यले पाल्पामा खानेपानी आयोजना अलपत्र रहेको भए पनि बजेट विनियोजनामा सरकारले ध्यान दिन नसकेको बताइन् । सांसद नारायणी शर्माले खेतीपातीको याम सुरु भइसकेकाले रासायनिक मलको उचित प्रबन्ध गर्न माग गरिन् ।

सांसद निर्मला कोइरालाले सामाजिक सुरक्षा भत्ताका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गरिँदा ज्येष्ठ नागरिकको भीड बढेको र उनीहरु समस्यामा परेकाले त्यसलाई सहजीकरण गर्न माग गरिन् ।

सांसद निशा डाँगीले नेपालमा वनजङ्गल उल्लेख्य भए पनि बर्सेनि ठूलो मात्रामा काठ तथा काठजन्य वस्तुको आयात भइरहेको तथ्य पेस गरिन् । सांसद प्रदीप पौडेलले प्रधानमन्त्रीको भारत भ्रमणबारे प्रधानमन्त्रीले सदनलाई किन जानकारी नगराएको भन्दै प्रश्न गरे । सांसद प्रेम सुवालले अखाद्य आँपको बिक्री वितरण भइरहेकाले त्यसको नियन्त्रण गर्न माग गरे । सांसद विमला सुवेदीले फोहोर व्यवस्थापनका लागि यथेष्ट बजेट विनियोजन नभएकामा असन्तुष्टि व्यक्त गरिन् ।

सांसदहरु तेजुलाल चौधरी, दिक्पालकुमार शाही, दुर्गा राई, प्रतिमा गौतम, प्रभु हजारा, वासुदेव घिमिरे, बिनादेवी, दामोदर पौडेललगायतले समसामयिक राजनीतिक विषय र स्थानीय समस्या समाधानका लागि सरकारको ध्यानाकर्षण गराए ।

## चट्याङको आतंक

# मोरङमा किशोरीको मृत्यु, झापामा घाइते

झापा(प्रस) । मोरङको रतुवामाई नगरपालिका-४ झुर्कियामा चट्याङले लागेर मंगलवार बिहान एकजना किशोरीको मृत्यु भएको छ।

अविरल वर्षासँगै परेको चट्याङले १६ वर्षीया विपना महतोको मृत्यु भएको मोरङ प्रहरीका प्रवक्ता डीएसपी ज्ञानेन्द्रबहादुर बस्नेतले जानकारी दिए। उनका अनुसार घरमै बसिरहेका बेला बिहान ७:३० बजेतिर चट्याङले लागेर विपना गम्भीर घाइते भएकी थिइन्।

चट्याङले लागेर बेहोस भएकी उनलाई उपचारका लागि रंगेली अस्पताल पुर्याउनसाथ ८:३० बजेतिर चिकित्सकले मृत घोषित गरेको प्रहरीले जनाएको छ। शवलाई पोस्टमार्टमका लागि रंगेली अस्पतालमै राखिएको छ।

त्यस्तै, धनपालथान गाउँपालिका -७ कदमाहस्थित एउटा घरमा चट्याङ परेर आगलागी भएको छ। रामा केवरतको घरमा बिहान ४:३० बजेतिर आगलागी भएको डीएसपी बस्नेतले बताए।

उनका अनुसार चट्याङ पर्नासाथ सुरु भएको आगोले बाँसको टाटीले बारेको र टिनको छानो भएको एकतले घर पूर्णरूपमा जलेको छ। घरभित्र रहेका सामान पनि जलेर ध्वस्त भएको प्रहरीले जनाएको छ।

स्थानीयको सहयोगमा प्रहरीले एक घण्टापछि आगो नियन्त्रणमा लिइएको थियो। घटनामा मानवीय र चौपाया क्षति भने नभएको जानकारी प्रहरीले दिएको छ।

यता झापाको मेचीनगरमा चट्याङले लागेर एकजना घाइते भएका छन् । मंगलवार बिहान अन्दाजी ३ बजेको समयमा मेचीनगर नगरपालिका वडा न.१५ कालिका झार बस्ने वर्ष अन्दाजी २१ की रंजिता हस्दा हावाहुरीसहित आएको चट्याङले लागेर घाईते भएकी हुन् । उनलाई उपचारको लागि प्रादेशिक हस्पिटल भद्रपुर लगिएको छ । कम्मरमुनि घाइते भएकी हस्दाको अबस्था मध्यम रहेको प्रहरीले जनाएको छ ।

त्यस्तै अविरल बर्षासँगै परेको चट्याङले झापा गाउँपालिका वडा नं.२ सडकवारी बस्ने बिजय भन्ने बिष्णुबहादुर बुढाथोकीको टिनको बेरा र टिनको छानो भएको एकतले गोठमा आगलागी भएको छ । मंगलवार बिहान १ बजे परेको चट्याङले बुढाथोकीको गोठमा आगलागी हुँदा गोठ, काठ र भुससमेत पूर्ण रुपमा जल्दा अन्दाजी एक लाख बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

त्यस्तै सोमवार राति १२:३० बजेको समयमा झापा गाउँपालिका ३ गौरीगाउँस्थित धनप्रसाद पौडेलको २ बिघा खेतको परालमा बर्षासंगै परेको चट्याङले आगलागी भएको छ । शिवसताक्षी नगरपालिका र कमल गाउँपालिकाको दमकल, स्थानीयको सहयोगमा बिहान ६;५०बजे आगो नियन्त्रणमा आएको झापा प्रहरीका प्रवक्ता डीएसपी कृष्णकुमार चन्दले जानकारी दिए । चट्याङले लागेर मोरङको पथरीशनिश्चरे ९ मा मंगलवार बिहान २ वटा राँगा मरेका छन् । स्थानीयले एक घरमा पालेका राँगा गोठमै मरेका हुन् ।

# भारतबाट लागूऔषध भित्र्याउने दुई पक्राउ



झापा(प्रस) ।भारतबाट लागूऔषध खैरो हिरोइन भित्र्याउने दुई जनालाई इलाका प्रहरी कार्यालय रङ्गेलीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा रङ्गेली-४ स्थित चोप्राहाका ३५ वर्षीय भुवनेश्वरप्रसाद साह र रङ्गेली-९ का २५ वर्षय सागर यादव छन् ।

इलाका प्रहरी रङ्गेलीका प्रहरी निरीक्षक सन्तोष खड्काका अनुसार उनीहरूलाई भारतबाट सीमावर्ती चोप्राहातर्फ आउँदै गर्दा पक्राउ गरिएको हो । उनीहरूको साथबाट लागूऔषध खैरो हिरोईन ३३ ग्राम ५० मिलिग्राम बरामद गरिएको छ ।

विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय रङ्गेली र लागूऔषध नियन्त्रण ब्यूरो विराटनगर समेतको संयुक्त प्रहरी टोलीले पक्राउ गरेको हो ।

# भद्रपुर मालपोतको राजस्व वृद्धि

झापा(प्रस) ।भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुरले चालु आर्थिक वर्षको ११ महिनामा रु ७० करोड ९८ लाख १३ हजार आठ सय ९१ राजस्व सङ्कलन गरेको छ । ११ हजार आठ सय ६१ थान रजिष्ट्रेसन पारितबाट उक्त आम्दानी भएको हो ।

चालु आवमा जग्गाको कारोबार बढेकाले राजस्व बढेको मालपोत कार्यालयका सूचना अधिकारी राजु दाहालले बताए । "गत आव २०७९/८० को ११ महिनाको तुलनामा चालु आवमा रु २०




करोड ८७ लाख ९३ हजार छ सय १४ ले राजस्व सङ्कलन बढेको छ," उनले भने । गत आवको सोही अवधिमा रु ५० करोड एक लाख २० हजार दुई सय ७७ राजस्व सङ्कलन भएको थियो ।चालु आवमा सेवा करबापत रु छ करोड ८६ लाख ७० हजार दुई सय ८९, रजिष्ट्रेसन दस्तुर रु ४३ करोड ४३ लाख ७८ हजार तीन सय ५५, छुटबापत रु पाँच करोड ७० लाख ६३ हजार सात सय ४५, डोर सुविधा शुल्क रु एक लाख ६५ हजार सङ्कलन भएको छ ।

पूँजीगत लाभकर रु २६ करोड ३५ लाख ५५ हजार तीन सय ८५ र विलम्ब शुल्कबापत रु एक लाख आठ हजार छ सय छ राजस्व सङ्कलन गरिएको सूचना अधिकारी दाहालले जानकारी दिए ।



# पानी पर्नेबित्तिकै बती झ्याप

बिर्तामोड(प्रस)। नेपाल विद्युत प्राधिकरणको अनारमनी वितरण केन्द्रअन्तर्गत गरामनी फिडरमा नियमित रुपमा बिजुली नआएको हप्तौ भइसक्यो । जसबाट सयौं उपभोक्ता प्रभावित भएका छन् ।

पानी पर्नेबित्तिकै बत्ती जाने समस्याले गरामनी फिडरका उपभोक्ता दिक्क भइसकेका छन् । हप्तौदेखि राति बती जाने र बिहान ९-१० बजे आउने गरेको बिर्तामोड ९ का बमबहादुर चौधरीले बताए । त्यसपछि पनि बती नियमित रुपमा नआउने गरेको उनले बताए । २४ घण्टामा कहिल्यै राम्ररी बती बाल्न नपाएको बिर्तामोड ९ कै सकुन राजवंशीले समस्या सुनाइन् । 'पानी पर्नै हुँदैन बती गइहाल्छ' उनले भनिन् ,' यही पाराले हो भने वर्षाभरि राम्ररी बती बाल्न नपाइने भइयो ।' गरामनी फिडरका उपभोक्ताहरु प्राधिकरणमा फोन गर्दा गर्दा हैरान भइसकेका छन् । 'कति फोन गर्नु जहिल्यै फल्ट भयो भन्छन् ' बिर्तामोड ९ का चौधरीले भने,'नबिग्रिने गरी मर्मत गर्न किन सक्दैनन् ?' अनारमनी वितरण केन्द्रको अरु फिडरमा त्यति समस्या छैन । गरामनी फिडरमा धेरै समस्या देखिएको हो ।

**प्राविधिकहरु पनि हैरान**

गरामनी फिडर बिग्रिरहँदा प्राविधिकहरु पनि हैरान भइसकेका छन् । अहिले बनायो एकैछिनमा फेरि बती नआडिने समस्याले उनीहरु हैरान भएका हुन् । गरामनी फिडरको ठूलो क्षेत्र भएकाले कहाँ बिग्रियो भनेर खोज्दा खोज्दा आफूहरु हैरान हुने गरेको उनीहरु बताउँछन् । '

गरामनी फिडरबाट कम्प्लेन निकै आउँछ ' कम्प्लेन टिप्न बसेका प्राधिकरणका एक कर्मचारीले भने,'प्राविधिकहरु मर्मतमा खटिँदा खटिँदा हैरान भइसकेका छन् ।' यसरी बाक्लै बती जान थालेपछि उपभोक्ताहरु आफूहरुमाथि आक्रोशित भएको उनले सुनाए ।

गरामनी फिडरलाई टुक्र्याइने

अनारमनी वितरण केन्द्रको गरामनी फिडर सबैभन्दा धेरै क्षेत्रमा फैलिएको छ । सैनिकमोडदेखि पूर्व बिर्तामोड ३ को केही क्षेत्र , साविक गरामनी गाविसको सम्पूर्ण क्षेत्र , बिर्तामोड २ को केही क्षेत्र गरामनी फिडरअन्तर्गत रहेको छ ।एक ठाउँमा समस्या आए सम्पूर्ण फिडरमा नै बती जाने गरेको छ । ठूलो क्षेत्र भएकाले बारम्बार समस्या आउने गरेको अनारमनी वितरण केन्द्रका प्रमुख संजीवकुमार शाहले बताए । उनले गरामनी फिडरलाई तीन टुक्रा पार्न लागिएको जानकारी दिए । ' गरामनी फिडरमा समस्या आएकोले त्यसलाई तीन टुक्रामा टुक्र्याउन लागेका छौं' उनले भने,' बजार क्षेत्र र कृषि क्षेत्र हेरेर त्यसलाई टुक्र्याइने भएको हो ।' विगत केही दिनदेखि गरामनी फिडरले अति नै द्:ख दिएको अनारमनी वितरण केन्द्रले सूचना जारी गरी जनाएको छ । दिनभरि लाइन प्याट्रोलिङ गर्दा चट्याङले पड्किएका पिन , डिस्क फेला परेको बताउँदै पिन, डिस्क पड्किएको छ कि छैन भनेर पत्ता लगाउन पोल टु पोल चढेर हेर्ने कार्य भइरहेको जनाइएको छ ।

## भद्रपुर, कचनकवल र हल्दिबारीमा विद्युत् सेवा अवरुद्ध



भद्रपुर(प्रस) । नेपाल विद्युत् प्राधिकरण भद्रपुर वितरण केन्द्रअन्तर्गत तीन पालिकाको विद्युत् सेवा अवरुद्ध भएको छ । अविरल वर्षासँगै परेको चट्याङले बिर्तामोड अनारमनी सबस्टेशनबाट आउने ३३ केभी प्रसारण लाइनमा क्षति पुऱ्याउँदा सोमवार रातिदेखि विद्युत् सेवा अवरुद्ध भएको हो । बिर्तामोडदेखि भद्रपुर आउने ३३ केभी प्रसारण लाइनमा चट्याङले विभिन्न स्थानमा क्षति पुऱ्याएको भद्रपुर वितरण केन्द्र प्रमुख राजमणि बजगाईंले जानकारी दिए । चट्याङले भद्रपुर, कचनकवल र हल्दिबारी क्षेत्रका केही स्थानमा पनि क्षति पुऱ्याएको छ । विभिन्न स्थानमा मर्मत सम्भारको काम चलिरहेको उनले बताए । विद्युत् सुचारु हुन समय लाग्ने उनको भनाई छ ।

# अफगानिस्तानमाथि वेस्ट इन्डिजको सानदार जित

काठमाडौं : वेस्ट इन्डिजले जारी नवौं संस्करणको टी-२० विश्वकपको समूह चरणको अन्तिम खेलमा अफगानिस्तानमाथि सानदार जित निकालेको छ।

वेस्ट इन्डिजको सेन्ट लुसियामा भएको यस संस्करणको समूह चरणको अन्तिम खेलमा घरेलु टोली १ सय ४ रनको फराकिलो अन्तरले विजयी भयो।

वेस्ट इन्डिजले दिएको २ सय १९ रनको लक्ष्य पछ्याएको अफगानिस्तानले १६ दशमलव २ ओभरमा अल आउट हुदै १ सय १४ रन मात्र बनाउँन सक्यो।

अफगानिस्तानका लागि इब्राहिम जाद्रानले २८ बलमा ३८ तथा अजमतुल्लाह उमरजाईले १९ बलमा २३ रन बनाए। करिम जन्नतले ९ बलमा १४ तथा राशिद खानले १८ रन बनाए। वेस्ट इन्डिजका लागि ओबेद म्याकोईले तीन तथा गुणकेश मोटी र अकिल होसेनले समान दुई दुई विकेट लिए।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको घरेलु टोलीले निर्धारित २० ओभरमा ५ विकेट गुमाएर २ सय १८ रन बनाएको थियो।

वेस्ट इन्डिजका लागि निकोलस पुरनले ५३ बलमा ६ चौका र ८ छक्काको सहयोगमा ९८ रनको अर्धशतकीय ईनिङ खेले। जोनसन चार्ल्सले २७ बलमा ४३ रन बनाए। दोस्रो विकेटका लागि चार्ल्स र पुरनले ३८ बलमा ८० रनको साझेदारी गरे। कप्तान रोभमन पावलले १५ बलमा २६ रन बनाए । चौथो विकेटका लागि कप्तान पावेल र पुरनले ३८ बलमा ६४ रनको साझेदारी गरे।

अफगानिस्तानका लागि गुलवदीन नाइवले दुई तथा नभिन उल हक र अजमतुल्लाह उमरजाईले समान एक एक विकेट लिए।

नवौं संस्करणकै एक टिमले बनाएको यो सबैभन्दा उच्च योगफल हो। यस अघि अस्ट्रेलिया र श्रीलंकाले समान २ सय १ रन बनाएका थिए। वेस्ट इन्डिजले टी-२० विश्वकपमा बनाएको पनि उच्च योगफल हो। यसअघि सन् २००७ को पहिलो संस्करणको विश्वकपमा दक्षिण अफ्रिकाविरुद्ध २ सय ५ रन बनाएको थियो।

वेस्ट इन्डिजले अफगानिस्तानलाई टी-२० विश्वकपको ईतिहासमा पहिलो पटक पराजित गरेको हो। वेस्ट इन्डिज र अफगानिस्तानबीच विश्वकपको दोस्रो भेटमा वेस्ट इन्डिज पहिलो पटक विजयी भएको हो।

जितसँगै अपराजित रहँदै घरेलु टोलीले सुपर एटमा स्थान बनाएको छ। यस खेलमा पराजित भए पनि अफगानिस्तानले सुपर एटमा भने स्थान बनाइसकेको छ।

सुपर एटका खेलहरु भोलिबाट सुरु हुनेछन्। भोलि पहिलो अमेरिका र दक्षिण अफ्रिका आमनेसामने हुनेछन्। सुपर एटमा दुई समूह विभाजन गरिएको छ। समूह एमा अफगानिस्तान, बंगलादेश, अष्ट्रेलिया र भारत रहेका छन्। समूह बीमा इंग्लयाण्ड, दक्षिण अफ्रिका, अमेरका र वेष्टइन्डिज छन्। दुई समुहका शीर्ष दुई टोली सेमिफाइनलमा प्रवेश गर्नेछन्।

# सवारी दुर्घटनामा एकको मृत्यु, २० घाइते

झापा(प्रस) ।मंगलवार झापामा भएका सवारी दुर्घटनामा परी एकजनाको मृत्यु हुनुका साथै २० जना घाइते भएका छन् । मंगलवार बिहान बिर्तामोडमा छोटा हात्तीको ठक्करबाट एक पैदलयात्रीको मृत्यु भएको हो ।

बिहान ८.४० बजे बिर्तामोडको मुक्ति चौकमा बाटो काट्दै गरेकी पैदलयात्री मोरङ रतुवामाई ८ की ७० वर्षीया टंकमाया सुवेदीलाई पश्चिमबाट पूर्वतर्फ आउँदै गरेको मे १ च ६६१३ नम्बरको मे १ च ६६१३ न. को छोटा हात्तीले ठक्कर दिएको थियो । घाइते सुवेदीलाई उपचारको लागि बीएण्डसी हस्पिटल लगिएकोमा उपचारका क्रममा बिहान ९ बजे मृत्यु भएको हो ।

दुर्घटनापछि गाडी र गाडी चालक बिर्तामोड १ बस्ने ४५ वर्षीय बिर्खबहादुर थेबेलाई इलाका प्रहरी कार्यालय बिर्तामोडले नियन्त्रणमा लिएको डीएसपी प्रकाश विष्टले बताए ।

त्यस्तै कमल गाउँपालिका वडा न. ४ चुलाचुली मोडस्थित पूर्वपश्चिम राजमार्गमा भएको सवारी दुर्घटनामा २० जना यात्रु घाइते भएका छन् । मंगलवार बिहान सवा ७ बजेको समयमा झिलझिलेबाट दमकतर्फ जाँदै गरेको बा३ ख २१६६ न.को टिपर र बिपरित दिशा तर्फबाट आउँदै गरेको को १ ख ५०८७ न.को यात्रुबाहक बस एक आपसमा ठक्कर खाई दुर्घटना भएको हो । दुर्घटनामा बसमा सवार २० जना यात्रुहरु घाईते भएका छन् । उनीहरुलाई उपचारको लागि विभिन्न अस्पतालमा भर्ना गरिएको छ । घाइते हुनेहरु निम्न छन् ।



१. कमल गाउँपालिका वडा नं.-४ बस्ने बर्ष ३८ की बिनु लिम्बू ,देब्रे पाता र खुट्टामा चोट, अवस्था मध्यम, लाईफलाईन अस्पताल दमकमा सामान्य उपचारपश्चात् थप उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड रेफर ।

२. झापा दमक नगरपालिका वडा नं.-५ बस्ने बर्ष ४२ का कलिन्द्र शेर्मा, घाँटीमा चोट, अवस्था मध्यम, लाईफलाईन अस्पताल दमकमा सामान्य उपचारपश्चात् थप उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड रेफर ।

३.मधुमल्ला -८ बस्ने बर्ष अन्दाजी वर्ष ३५-३६ की कल्पना कटुवाल, टाउकोमा चोट, अवस्था बोल्न नसक्ने गम्भीर, दमक रिसर्च सेन्टर दमकमा सामान्य उपचारपश्चात् थप उपचारको लागि न्युरो अस्पताल बिराटनगर रेफर ।

४. उनकै छोरा नामथर नखुलेको अन्दाजी ४-५ बर्षका बालक, टाउको र गालामा चोट, अवस्था बोल्न नसक्ने गम्भीर, दमक रिसर्च सेन्टर दमकमा सामान्य उपचारपश्चात् थप उपचारको लागि न्युरो अस्पताल बिराटनगर रेफर ।

५. मोरङ पथरी शनिश्चरे नगरपालिका वडा नं.-१ बस्ने बर्ष ४० की पूर्णमाया पोखरेल, टाउकोमा चोट, अवस्था बोल्न सक्ने मध्यम, दमक रिसर्च सेन्टर दमकमा सामान्य उपचारपश्चात् थप उपचारको लागि न्युरो अस्पताल बिराटनगर रेफर ।

६. झापा दमक नगरपालिका वडा नं.-८ बस्ने बर्ष ५१ का होमबहादुर भट्टराई,टाउकोमा चोट, अवस्था बोल्न सक्ने मध्यम, दमक रिसर्च सेन्टर दमकमा सामान्य उपचारपश्चात् थप उपचारको लागि न्युरो अस्पताल बिराटनगर रेफर ।

७.सुनसरी ईटहरी उपमहानगरपालिका वडा नं.-५ बस्ने बर्ष ३८ की शारदा खड्का, टाउको र अनुहारमा चोट, अवस्था बोल्न नसक्ने गम्भीर, दमक रिसर्च सेन्टर दमकमा सामान्य उपचारपश्चात् थप उपचारको लागि न्युरो अस्पताल बिराटनगर रेफर ।

८. झापा दमक नगरपालिका -५ बस्ने बर्ष ४५ का अच्युत निरौला, नाक र निधारमा चोट, अवस्था बोल्न सक्ने मध्यम, दमक रिसर्च सेन्टर दमकमा सामान्य उपचारपश्चात् थप उपचारको लागि न्युरो अस्पताल बिराटनगर रेफर ।

९. कमल गाउँपालिका वडा नं.-५ बस्ने बर्ष ३८ की लिला चौहान, हात खुट्टामा चोट, अवस्था बोल्न सक्ने सामान्य, दमक रिसर्च सेन्टर दमकमा सामान्य उपचारपश्चात् थप उपचारको लागि न्युरो अस्पताल बिराटनगर रेफर ।

१०. झापा दमक नगरपालिका वडा नं.-१ बस्ने बर्ष ३५ का राजु कडरिया, बाया गालामा चोट, अवस्था बोल्न सक्ने सामान्य, दमक रिसर्च सेन्टर दमकमा सामान्य उपचारपश्चात् थप उपचारको लागि निम्स अस्पताल दमक रेफर ।

११. झापा गौरादह नगरपालिका वडा नं.-४ बस्ने बर्ष ३० का दुर्गाबहादुर श्रेष्ठ, टाउकोमा चोट, अवस्था बोल्न सक्ने मध्यम, दमक रिसर्च सेन्टर दमकमा सामान्य उपचारपश्चात् थप उपचारको लागि निम्स अस्पताल दमक रेफर ।

१२. मोरङ उर्लाबारी नगरपालिका वडा नं.-७ बस्ने बर्ष ५० का कृष्णकुमार तामाङ, दाहिने खुट्टामा चोट, अवस्था बोल्न सक्ने सामान्य, दमक रिसर्च सेन्टर दमकमा उपचार हुँदै ।

१३. झापा दमक नगरपालिका वडा नं.-८ बस्ने बर्ष ६५ का भरत ढकाल, नाक र दाहिने हातमा चोट, अवस्था बोल्न सक्ने सामान्य, दमक रिसर्च सेन्टर दमकमा उपचार हुँदै ।

१४. दमक नगरपालिका वडा नं.-१ बस्ने बर्ष ४६ की बबिता राई, टाउकोमा र छातीमा चोट, अवस्था बोल्न सक्ने मध्यम, दमक अस्पताल दमकमा उपचार हुँदै ।

१५.दमक नगरपालिका वडा नं.-४ बस्ने बर्ष ३० की भारती मगर, नाक र दाहिने खुट्टामा चोट, अवस्था बोल्न सक्ने सामान्य, लाईफलाईन अस्पताल दमकमा उपचार हुँदै ।

१६.कमल गाउँपालिका वडा नं.-५ बस्ने बर्ष ४० का लक्ष्मी सुब्बा, मुखमा चोट, अवस्था बोल्न सक्ने सामान्य, लाईफलाईन अस्पताल दमकमा उपचार हुँदै ।

१७. बिर्तामोड नगरपालिका वडा नं.-४ बस्ने बर्ष २१ का कर्णबहादुर राजबंशी , टाउकोमा सामान्य चोट, अवस्था बोल्न सक्ने सामान्य, लाईफलाईन अस्पताल दमकमा उपचार हुँदै ।

१८. भोजपुर ट्याम्केमैयुम गाउँपालिका वडा नं.-४ बस्ने बर्ष ४५ की चरित्र राई, देब्रे पातो भाच्चिएको, खुट्टामा सामान्य चोट, अवस्था बोल्न सक्ने सामान्य, लाईफलाईन अस्पताल दमकमा उपचार हुँदै ।

१९. मोरङ पथरीशनिश्चरे नगरपालिका वडा नं.-१ बस्ने बर्ष ६५ का टंकप्रसाद चुडाल, मुखमा चोट, अवस्था बोल्न सक्ने सामान्य, लाईफलाईन अस्पताल दमकमा उपचार हुँदै ।

२०.उनकै छोरी बर्ष १५ की क्याटरिना चुडाल, टाउकोमा सामान्य चोट, अवस्था बोल्न सक्ने सामान्य, लाईफलाईन अस्पताल दमकमा उपचार हुँदै ।

घाइतेमध्ये १० जना डिस्चार्ज भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी कृष्णकुमार चन्दले बताए । बस चालक उदयपुर त्रियुगा नगरपालिका वडा न. ३ बस्ने ४५ वर्षीय अशोक बोट र टिपर चालक धनुषा गणेशमान नगरपालिका-५ बस्ने ३४ वर्षीय शेरबहादुर राईलाई इलाका प्रहरी कार्यालय दमकले नियन्त्रणमा लिएको छ ।

# लुक्लामा १० दिनदेखि उडान ठप्प, छैन मौसममा सुधारको संकेत

सोलुखुम्बु : मौसम प्रतिकुलताका कारण यहाँस्थित तेन्जिङ हिलारी विमानस्थल लुक्लामा हवाइ उडान ठप्प हुँदा पर्यटक समस्यामा परेका छन्। कुनै पनि जहाजले उडान भर्न नसक्दा खुम्बु भ्रमणमा आएका पर्यटक मर्कामा परेका हुन्।

अत्यधिक हुस्सु र 'भिजिबिलिटी' कमजोर हुँदा लुक्लामा जहाज र हेलिकप्टरले उडान गर्न नसकेको नेपाल नागरिक उड्डयन प्राधिकरण लुक्लाका एयर ट्राफिक कन्ट्रोलर दिवस दाहालले जानकारी दिए। ' अहिले सगरमाथा क्षेत्र भ्रमणमा आएका विदेशी तथा स्वदेशी पर्यटक फर्किने मौसम हो। यतिखेर आउनेभन्दा फर्किने पर्यटक ज्यादा हुन्छन्। तर मौसमअनुकूल छैन। त्यसैले सबै उडान तालिका १० दिनदेखि रद्द भइरहेको छ, हुस्सुले वरको वस्तु परबाट देखिन्न। झन् जहाज उडान हुने त कुरै छैन', उनले भने।

लुक्ला विमानस्थलमा मौसमका कारण हेलिकप्टरसमेत अवतरण हुन नसक्दा लुक्लाभन्दा तल रहेको सुर्के हेलिप्याडबाट हेलिकप्टरले उडान गरिरहेको एयर ट्राफिक कन्ट्रोलर दाहालले जानकारी दिए। सुर्के केही होचो स्थान भएकाले त्यहाँबाट हेलिकप्टरले पर्यटक काठमाडौँ लैजाने गरेको उनले बताए। भौगोलिक बनावटका कारण पनि लुक्लामा बढी हुस्सु लाग्ने भएकाले उडानमा समस्या हुने गरेको नेपाल नागरिक उड्डयन प्राधिकरण लुक्लाले जनाएको छ।

मौसम सामान्य प्रतिकूल हुनेबित्तिकै लुक्लामा उडान ठप्प हुने भएकाले पर्यटक मर्कामा पर्ने गरेको तारा एयरका लुक्ला स्टेसन प्रमुख अमृत मगरले बताए। यतिखेर खुम्बुमा पर्यटक यामको सकिन लागेकाले लुक्ला भित्रिनेको तुलनामा बाहिरिने बढी छन्। यद्यपि मौसमका कारण सबै उडान तालिका रद्द गर्नुपरेको उनी बताउँछन्। 'विदेशीहरू यतिवेला आउनेभन्दा फर्किने बढी छन् आउने फाट्टफुट्ट छन् तर आएकाहरू फर्किने अलि बढी छ', उनले भने।

लुक्लाभन्दा तल करिब चार घण्टाको पैदल दूरीमा पर्ने थामडाँडासम्म गाडी पुग्छ। केही पर्यटक तीनदेखि चार घण्टाको पैदल हिँडेर थामडाँडा झरेर त्यहाँबाट गाडीमार्फत सदरमुकाम सल्लेरी हुँदै काठमाडौं फर्किने गरेका छन्। थामडाँडाबाट सल्लेरीको दूरी करिब ७० किलोमिटर छ। उक्त सडक कच्ची भएकाले बोलेरो गाडीमात्रै सञ्चालन हुने गरेको छ।

थामडाँडाबाट सल्लेरीको गाडी भाडा प्रतिव्यक्ति दुई हजार २०० रुपैयाँ लिने गरेको यातायात व्यवसायी रामबहादुर विश्वकर्माले बताए। थामडाँडाबाट आएको दिन सल्लेरी बास बस्ने पर्यटक भोलिपल्ट विमान, जिप तथा बसमार्फत काठमाडौं फर्किने गरेका छन्। सल्लेरीबाट २७५ किलोमिटरको दूरीमा पर्ने काठमाडौँको जिपभाडा प्रतिव्यक्ति दुई हजार रुपैयाँ लिने गरेका छन्।

**छैन मौसममा सुधारको संकेत**

मौसम तत्काल खुल्ने सम्भावना नरहेकाले उडान अझै केही दिन अवरुद्ध हुने मौसम पुर्वानुमान महाशाखाले जनाएको छ। मनसुन निरन्तर सक्रिय भइरहेकाले कोशीसहितका क्षेत्रमा झरीको सम्भावना उच्च रहेको मौसमविद् राजु प्रधानाङ्गले जानकारी दिए। ' मौसम अहिले तत्काल सुधार हुने सम्भावना छैन, त्यसैले हवाई उडान अझ केही दिन प्रभावित हुनसक्छ। मनसुन सक्रिय भइरहेकाले अझै धेरै वर्षा हुनसक्छ', उनले भने।

जनहितमा जारी सूचना

नगरपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर व्यवसाय कर लगायत कर नियमित तिरौं ।


जन्म, मृत्यु, बसाइसराइ जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।

सार्वजनिक सम्पति संरक्षणमा नगरपालिकालाई सहयोग गरौं ।

बिर्तामोड नगरपालिका
बिर्तामोड, झापा, कोशी प्रदेश

# ६० मेगावाटको कुलेखानीबाट २० मेगावाट मात्र उत्पादन

हेटौंडा : मकवानपुरको इन्द्रसरोवरमा रहेको कुलेखानी जलाशयको सतह घटेपछि ६० मेगावाट उत्पादन क्षमताको आयोजनाले २० मेगावाट मात्र विद्युत् उत्पादन गरिरहेको छ। कुलेखानी प्रथम जलविद्युत् केन्द्रका अनुसार पानीको सतह घटेकाले २ दिनदेखि उत्पादन घटेको हो।



कुलेखानी प्रथम जलविद्युत् केन्द्रका प्रमुख तारादत्त भट्टका अनुसार १ हजार ५३० मिटर गहिराइको पानीमा संचालन हुने कुलेखानी जलाशयको सतह घटेर १ हजार ४८५ मिटर पुगेपछि अत्यावश्यक समयमा मात्र आयोजनाले उत्पादन गरिरहेको छ।

पछिल्लो समय पानी नपरेकाले जलविद्युतको महत्वपूर्ण 'ब्याकअप' आयोजना मानिने कुलेखानीमा पानीको सतह घटेको प्रमुख भट्टले जानकारी दिए।

विशेषगरी नदीको पानी कम हुँदा विद्युत् आपूर्ति सन्तुलन गर्न र विद्युत् माग धेरै भएको समयमा तथा भोल्टेज तलमाथि हुँदा विद्युत् वितरण प्रणाली व्यवस्थित गर्न कुलेखानी जलविद्युत् आयोजना प्रयोग गरिन्छ।

समुद्री सतहबाट १ हजार ४८३ मिटरसम्म पानी पुगेपछि बिजुली उत्पादन गर्न नमिल्ने उनको भनाइ छ। पछिल्लो समय कुलेखानी नियमित चलाउनुपरेको र पानी नपर्दा इन्द्रसरोवरमा पानीको सतह घटेको जानकारी उनले दिए।

प्रमुख भट्टका अनुसार सोमवारसम्म सरोवरमा पानीको सतह १ हजार ४८४ दशमलव ९८ मिटरसम्म मापन गरिएको थियो।

गएराति पानी परेपछि आज विहान केही पानी जम्मा भएको छ। उनका अनुसार विसं २०५८ पछि यस वर्ष पानीको सतह धेरै घटेको हो। कुलेखानीबाट आपतकालीन् समयमा मात्रै बिजुली उत्पादन गरिने उनको भनाइ छ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# चुरे संरक्षण गरौं

हरेक वर्ष देशको पूँजीगत बजेटको ठूलो हिस्सा सार्वजनिक निर्माणमा खर्च हुने गर्छ । सरकारी लगानीको सार्वजनिक निर्माण मात्र नभई देशव्यापी रूपमा बढ्दो शहरीकरणमा आम नागरिकबाट पनि निर्माण कार्य दिनानुदिन बढिरहेको छ ।
यसलाई मध्यनजर गर्दा ढुंगा, गिट्टी, बालुवाको माग झन् बढ्ने देखिन्छ । तसर्थ यस्ता सामग्री उत्खनन्मा वैज्ञानिक व्यवस्थापनले उच्च प्राथमिकता पाउनु आवश्यक छ । यसको दिगो व्यवस्थापनमा तराई–चुरे क्षेत्रको मात्र नभएर देशकै आर्थिक–सामाजिक भविष्य अडिएको छ ।

सरकारले प्रस्तुत गरेको बजेटको बुँदा १९९ मा 'वातावरणीय प्रभाव मूल्यांकनको आधारमा खानीजन्य ढुङ्गा, गिट्टी, बालुवा निकासी गरी व्यापार घाटा न्यूनीकरण गरिनेछ' भन्ने उल्लेख छ । यो सरकारी नीतिको विरोध र समर्थनमा धेरै किसिमका तर्क–वितर्क चलिरहेको छ । एकथरी सरकार चुरेको दोहनमा लागेको भन्दै विरोधमा छन् भने अर्को समूह चुरेको दोहन नभएर उपलब्ध स्रोतको उपयोग गरी राष्ट्र धनी हुने तर्क गरिरहेका छन् । विरोधको स्वर प्रबल भएपछि अर्थ मन्त्रालयले 'चुरे दोहन' सरकारको नीति नभएको बताएको छ ।नदी र त्यहाँका तटबाट बालुवा निकाल्ने र त्यसको अवैध रुपमा विक्री वितरण गर्ने फर्म र व्यक्तिहरुका विषयमा पनि स्थानीय र प्रदेश तथा संघीय सरकार बेखवर भएका छन् । कानुनी रुपमा प्रक्रिया पूरा गरे पनि त्यसका व्यवहारिक पाटा र मानवीय, जैविक हिसावले वातावरणमा परेको प्रभावलाई वास्तै गरिएको छैन । वातावरणको विनासबाट मानवीय क्षति हुनु आफैमा अत्यन्तै दुखद विषय हो ।

चुरे दोहनबाट परेको वातावरणीय असरका विषयमा बोल्नेहरु पनि चुप भएका छन् । विकासका नाममा विनास भईरहेको छ । त्यसकारण पनि वातावरण विनास रोक्ने क्रममा हामी सबैको महत्वपूर्ण दायित्व हुनुपर्नेमा त्यो कम भयो कि भन्ने चिन्ता पनि व्यापक छ । महाभारत श्रृंखलाका चुरे क्षेत्रको विनासले गर्दा तराईका फाँटहरु बगरमा परिणत भएका छन् । पहाडी क्षेत्रमा भूक्षय, नदी अनियन्त्रित हुने खतरा बढेर गएका छन् । यस्ता समस्याहरुप्रति सबैको चासो बढ्नुपर्ने हुन्छ । त्यसकारण यी र यस्ता समस्यालाई समयमै नियन्त्रण गर्न सकेनौ भने, हामीले नयाँ पुस्ताका लागि हस्तान्तरण गर्ने हाम्रो प्रकृति उर्वर भन्दा पनि मरुभूमिमयी हुने खतरा कायमै रहन्छ ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# नागरिक स्वार्थ सर्वोपरि



• डा. शोभाकर पराजुली

नेपालमा प्रजातन्त्र पुनर्स्थापनापछि अर्थात् २०४६ सालपछिको राजनीति नियाल्दा प्रस्ट हुन्छ राजनीति कहिल्यै स्थिर हुन सकेन । न राजनीतिक दल स्थिर हुन सके न राजनीतिक व्यवस्था नै । बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको अभ्यास छोटो समयमै बदनाम हुन पुग्यो ।

हाम्रै पुस्ताको भोगाइ हो, आफैँले लडिल्याएको व्यवस्थालाई पनि हामीले जोगाउन सकेनौँ । एउटा शासन व्यवस्थालाई फालेर अहिले हामी गणतान्त्रिक व्यवस्थाको अभ्यासमा छौँ । हामी सबैले गरेको महसुस यो हो कि नागरिकको समृद्धि व्यवस्थाले ल्याउँछ कि व्यवस्थाका नीतिहरूले वा शासक वर्गको नियत अनि नियतिले ?

छोटो समयमै एउटा व्यवस्था अनि राजनीतिक दलहरूप्रति नागरिकमा निराशा उत्पन्न हुनुको कारण प्रस्ट छ- जनताका प्रतिनिधि बनेर शासनसत्तामा पुगेकाहरूले जनताका लागि भन्दा आफ्नै स्वार्थ पूरा गर्न लागिपरे । दलगत स्वार्थमा मिलीभगत भ्रष्टाचार, आर्थिक अनियमितता, निजी क्षेत्रको अनुकूल निर्णय गरी नीति, कानुन बनाउने कार्यमा एकपछि अर्को तस्करी, भ्रष्टाचारका काण्ड सतहमा आए । यस्ता काण्डहरूमा केही राजनीतिक दल, तिनका नेता अनि कर्मचारी र बिचौलिया, दलाल जस्ता उपनाम दिइएका व्यक्ति मुछिए । कति कारबाहीमा परे । कतिलाई दलहरू सबै मिलेर सामसुम पार्ने कोसिस गरे । सारा दल अनि नेताहरूको आपसी समझदारी र सत्तादेखि भ्रष्टाचारसम्मको लेनदेन, भागबन्डा र अंशबन्डा जस्ता विविध नाममा देश लुट्ने मात्रै काम भयो । नागरिकको विश्वास उड्नुको एउटा मुख्य कारण यो पनि हो ।

कार्यपालिका, व्यवस्थापिका, न्यायपालिकालगायत देशका कुनै पनि त्यस्तो निकाय वा अङ्ग छैन, जहाँ भ्रष्टाचारको गन्ध नआएको होस् वा नागरिकको विश्वास नउडेको होस् । राजनीतिक मात्रै होइन, सारा राज्य शक्तिको दुरुपयोग अनि नागरिकप्रतिको उत्तरदायित्व भुलेको राजनीतिले न व्यवस्था टिकाउँछ न त विश्वास नै । दण्डहीनता र कुशासनरूपी विषवृक्ष फैलिँदै गएमा कानुनको शासन, जवाफदेहिता, मानव अधिकार, सुशासन जस्ता शब्द कानुन र किताबमा, भाषण र लेखहरूमा मात्रै सीमित हुन्छ । भ्रष्टाचार, सुशासन तथा अन्य विविध मानव विकास सूचकाङ्कमा नेपालको स्थान कमजोर छ ।

भ्रष्टाचार र मिलिजुलीतन्त्र मौलाएको यो अवस्थामा नेपालका ठुलादेखि साना अनि पुरानादेखि नयाँसम्मका राजनीतिक दल र नेताहरूको सम्बन्धले प्रतिपक्ष, सत्तापक्ष, विरोधी, विपक्षीजस्ता तत्व देखिँदैनन् । यस्ता शब्द आलङ्कारिक जस्ता मात्रै लाग्छन् । राजनीतिक प्रतिवादात्मक सिद्धान्त नेपालको राजनीति र व्यवस्थापिकामा स्वार्थ अनुकूल मात्र प्रयोग भएको पाइन्छ । जसका कारणमा सत्ता र शक्तिको लोभ, जसले गर्दा सत्तामा रहिरहने तर सत्तामा नहुँदा पनि शक्तिको प्रयोग सत्तासीनसरह गरिरहनको निमित्त एकअर्कासँग सम्झौता गर्दछन् र सुशासनका सिद्धान्त लत्याएर भ्रष्टाचार एवं निजी क्षेत्रको पक्षमा उभिन्छन् । व्यक्तिगत अनि पारिवारिक फाइदा तथा लाभ, व्यक्तिगत आर्थिक फाइदा र नातेदार तथा अन्धभक्त गुलामी गर्ने समर्थकको लाभका लागि व्यक्तिगत सम्पत्ति बढाउने र आफ्ना परिवार तथा नातेदारको अवस्था सुदृढ गर्न राज्य र जनताविरुद्ध उनीहरूले अनियमितता गर्दछन् ।

दलीय राजनीति र दलगत मिलीभगत, राष्ट्र निर्माण, सुशासन, जवाफदेहिता, विधिको शासनका लागि राजनीतिमा आपसी समझदारी र सहकार्य मह▯वपूर्ण हुन्छ । सत्ता बाँडफाँट, राजदूत र संवैधानिक निकायका पदाधिकारी र अन्य विविध पदका लागि दलहरूले एकअर्कालाई समर्थन, सहयोग गर्दछन् । जसले कुशासनको प्रवर्धन हुन पुग्छ अनि भ्रष्टाचारले प्रश्रय पाउँछ ।

न्यायपालिकामा कार्यपालिकाको हस्तक्षेपले न्याय प्रणालीलाई कमजोर मात्रै होइन, खोक्रो र भ्रष्ट बनाउँछ । कमजोर न्याय प्रणाली, न्यायिक प्रणालीको कमजोर कार्यान्वयन, न्यायाधीश नियुक्तिमा दलीय भागबन्डा तथा कुशासन र भ्रष्टाचारविरुद्ध कमजोर निगरानीको कारणले यी राजनीतिक दल र तिनका नेता कार्यकर्तालाई भ्रष्टाचार अनि कुशासनमा संलग्न हुन थप प्रोत्साहन गर्छ । राजनीतिक दलका नेताहरूलाई कानुनी कारबाहीको डर नहुनु, कारबाहीबाट उन्मुक्ति पाउनु र एक नेतालाई परेको समस्याको समाधान अर्का दलका नेताले गर्नु नै अहिले सबै राजनीतिक दलको साझा चरित्र बन्न पुगेको छ ।
कमजोर जनता र राजनीतिक आवरणका नागरिक समाज, जनता मौन बस्ने, जनतालाई सङ्गठित हुन नदिने, जातीय, लैङ्गिक, धार्मिक, भाषिक, क्षेत्रीयता, विखण्डनलाई प्रोत्साहित गर्ने नीति, कार्यक्रम र कानुनले गर्दा जनता मौन छन् । भ्रष्टाचार, दलीय भागबन्डा, दलीय स्वार्थको विषयलाई लिएर आवाज उठाउने जनताको आवाज मसिनो छ । राजनीतिक आवरण ओढेको नागरिक समाजले पनि तीन दलले गरे जस्तै यस्ता विषयप्रति मौनता साँध्छन् । जब कुनै देशको सचेत नागरिक समाजमाथि राजनीतिक दलको कलुषित छाया पर्छ अनि सारा समाज त्यसबाट बाहिर निस्किन सक्दैन । तसर्थ हरेक उन्नत समाज र लोकतन्त्रका लागि सचेत अनि स्वतन्त्र नागरिक समाजको खबरदारी सदैव आवश्यक हुन्छ । यसले लोकतन्त्र अनि शासन व्यवस्थालाई नागरिकप्रतिको उत्तरदायित्व सधैँ सम्झाइरहन्छ र झकझक्याउन मद्दत गर्छ ।

जब एउटा नेता सङ्कटमा पर्छ, उसलाई उद्धार गर्न समीक्षा, बैठक, छलफल हुन्छ । एउटै आमाको सन्तानमा पनि झगडा हुन्छ । यी नेताहरू फरक फरक आमाका सन्तान हुन् । जो पटक पटक प्रधानमन्त्री बन्छन् । कामका आधारमा होइन, भागबन्डा र यति वर्षको समयावधिको तोकिएको कागजको चिर्कटोमा लेखिएको सम्झौताका आधारमा । के उत्कृष्ट काम गरेबापत नेपाली जनताले बारम्बार हामीलाई त्यही प्रधानमन्त्री चाहिन्छ भनेका छन् ? यो कहिल्यै भएको छैन । किनकि अहिले हेर्दा नेपालमा त्यस्ता नेताहरू नै छैनन्, जसमाथि नागरिकको पूर्ण भरोसा छ ।

एउटै आमाको सन्तानमा जब विवाद र झगडा हुन्छ अनि अंशबन्डाको माध्यमबाट झगडा मिलाइन्छ । यो सामान्य सामाजिक प्रचलन हो । नेपालमा पनि जब नेताहरूबिच दुरी बढ्न थाल्छ वा कुनै ठुला नेतामाथि कुनै आरोप अनि अभियान लाग्न थाल्छ यहाँ पनि त्यस्तै भागबन्डा हुन्छ । आफूमाथि लागेका आरोपलाई सामसुम पार्न कुनै न कुनै लाभको लेनदेन हुन्छ । आफू पनि बचौँ र अर्कोलाई पनि बचाऔँ भन्ने मानसिकताले नै भ्रष्टाचारलाई थप प्रोत्साहन गरेको छ । यस्ता अनैतिक र अराजनीतिक कामले सधैँ लोकतन्त्र, विधिको शासनको खिल्ली उडाइरहेको हुन्छ । यसले सत्तापक्ष र प्रतिपक्षलाई एउटै नाङ्लोमा राखेर दण्डहीनता र भ्रष्टाचारलाई प्रवर्धन गर्छ । अनि नेपाली जनताको आर्थिक र सामाजिक विकासमा दूरगामी असर पर्छ । सरकार र नेताप्रति वितृष्णा र आक्रोश बढाउँछ । जसको फलस्वरूप नयाँ दल र स्वतन्त्र व्यक्तिहरूले जनसमर्थन पाउँछन् । अहिलेको राजनीतिक अवस्था पनि यही नै हो ।

जब यी नेतामा कुनै आरोप लाग्छ, अभियोग लगाउनुपर्ने आवाज उठ्छ । अनि राष्ट्र र राष्ट्रियताको कुरा उठ्छ । मानौँ कुनै नेताले गरेको भ्रष्टाचारविरुद्ध कारबाही हुनु भनेको

सिङ्गो राज्यव्यवस्थामाथिकै आक्रमण हो । राजनीतिक दलहरूले भ्रष्टाचारका विषयलाई यसरी विषयान्तर गरिदिन्छन् कि त्यो आरोप व्यवस्था मास्नका लागि हो । सत्य त के हो भने एउटा नेताको खराब र भ्रष्ट आचरणसँग सिङ्गो व्यवस्था अनि लोकतन्त्र र हाम्रा परिवर्तनका उपलब्धिको कुनै साइनो वा सम्बन्ध नै हुँदैन । बरु त्यसबाट सिङ्गो राष्ट्र अनि जनताको भविष्यमाथि नै खतराको बादल मडराइरहेको हुन्छ ।

जब देशमा सत्तापक्ष र विपक्ष एउटै हुन्छ, निहित स्वार्थका लागि अनि अर्थोपार्जनका लागि मात्र राजनीति गरिन्छ र सरकार चलाइन्छ, त्यस्तो देशको संसद् जतिसुकै स्वतन्त्र र शक्तिशाली भए पनि जनतालाई सार्वभौम र शक्तिको आभास कहिल्यै हुन्न । जनताले केही पाउँदैनन् । बरु जनताकै लागि राज्यव्यवस्था सञ्चालन गर्न आएका नेताहरूले उल्टै जनता लुटिरहेका हुन्छन् । यो सत्यबाट जबसम्म जनता जाग्दैनन्, जनताले पाउने केही पनि होइन ।

कुशासनको चक्र तोड्नका लागि अब नागरिकले आफ्नो विवेक प्रयोग गर्ने बेला आइसकेको छ । कोही नेता अलौकिक तत्व हुँदैनन् उनीहरूलाई यही समाजले जन्माएको हो । जनतालाई 'नेता' नभए केही फरक पर्दैन तर हरेक नेताका लागि राजनीतिक दलका लागि 'जनता' अपरिहार्य हुन्छ । तसर्थ जनता भनेको सधैँ शीर्षस्थ हुन्छ । नेपालले खोजिरहेको पनि त्यस्ता नेता हो, जसले आफ्नो स्वार्थ होइन, आमनागरिकको सामूहिक स्वार्थ र भावनालाई शिरोपर गर्न सकोस् ।

# सार्वजनिक सेवाको सुदृढीकरण



• रुपचन्द्र अधिकारी

राज्यका तर्फबाट जनहित प्रवर्धनका निमित्त प्रदान गरिने सबै प्रकारका सेवाले सार्वजनिक सेवालाई समेटेको हुन्छ । राज्यको उत्पत्तिदेखि अनौपचारिक र औपचारिक कालखण्डमा शासन व्यवस्था जस्तो किसिमको भए पनि कुनै न कुनै हिसाबले सार्वजनिक सेवामा लगानी गर्नैपर्ने बाध्यतासँगै यो हुँदै पनि आएको छ । विभिन्न स्वरूपको लगानीसँगै नागरिक चेतनाको बढ्दो स्तर तथा विश्वव्यापीकरणको फैलिँदो प्रभावले वर्तमान शासकीय तौरतरिकामा पनि व्यापक परिवर्तन भएको छ । आज सार्वजनिक सेवाले सरकारी सेवा मात्र नभएर निजी क्षेत्र तथा गैरसरकारी संघ संस्थाबाट प्रवाह हुने साथै सर्वपक्षीय संलग्नता र साझेदारीमा प्रवाह हुने सेवासमेतलाई बुझाउँछ ।

नेपालको सन्दर्भमा सार्वजनिक सेवाप्रदायकका रूपमा राज्य प्रणालीलाई सहयोग गर्ने विभिन्न समयका अभ्यासको परिमार्जन हुँदै जाँदा हाल निजी, गैरसरकारी तथा सार्वजनिक-निजी साझेदारीबाहेकका निजामती सङ्गठन, सैनिक तथा प्रहरी सङ्गठनसँगै सार्वजनिक संस्थानहरूले सार्वजनिक सेवाप्रदायकको भूमिका निर्वाह गर्दै आएका छन् । अधिकांश क्षेत्रमा योग्यता प्रणाली अनुसरण गरी सेवाप्रदायक जनशक्ति छनोट गरिन्छ, जुन विश्वका लोकतान्त्रिक व्यवस्था अवलम्बन हुने मुलुकमा सामान्य सिद्धान्तसरह रहेको छ ।

नेपाल यस्तो मुलुक हो, जहाँ प्रशस्त सम्भावना र अवसर भएको तथ्य अध्ययन गरिन्छ र अध्यापन गराइन्छ । पूरा गर्नुपर्ने जिम्मेवारी छुट्याइन्छ, जसले गर्दा आधुनिक विकासको गतिमा धक्का लागेको छ । उठेर बामे सर्ने हाम्रो बानी भए पनि विकासको तीव्र गतिका अघि हाम्रो हिँडाइको गति कमजोर छ । यसबाट प्राप्त भएका विभिन्न नतिजामध्ये सबैभन्दा जटिल विषय नागरिक असन्तुष्टि हो, जसले सम्पूर्ण दोष सार्वजनिक सेवाप्रति इङ्गित गर्छ । सार्वजनिक सेवामा पनि नागरिकले निजी र गैरसरकारी संयन्त्रलाई कम मात्र दोष लगाउने गर्दछन् । जानेर वा नजानेर नेतृत्वकर्ता सरकार र यसको सरकारी संयन्त्र नै बढी जिम्मेवार हो भन्ने कुरा सामान्य नागरिकले बुझेका छन् । सामाजिक सञ्जालमा नकारात्मक सामग्री अधिक मात्रामा चर्चित भइरहने आजको समय हो । बहस गर्नका लागि राजनीतिक संयन्त्र स्थिर र नैतिकवान् नभएको तथ्य जाहेर गर्न सकिन्छ ।

यद्यपि सार्वजनिक सेवा प्रदान गर्ने मानवीय शक्तिमा नैतिकता, इमानदारी र पूर्ण बफादारी कायम गर्न सक्ने हो भने सेवाको गुणस्तरमार्फत नागरिक सन्तोष सम्भव हुन्छ । सबैभन्दा सानो तर व्यवहारमा महत्वपूर्ण हुने नैतिक शिक्षा ग्रहण गर्ने र गराउने कर्तव्य सरोकारवालाले पूरा गरे मात्र पनि सार्वजनिक सेवाका हरेक क्षेत्रमा रूपान्तरणको सम्भावना रहन्छ ।


समग्र सार्वजनिक सेवा सम्बन्धमा नागरिकको विश्वास ओरालो लाग्नुमा न्यून नीतिगत तथा कानुनी र अधिक व्यवहारजन्य पक्ष जिम्मेवार छन् । कानुनी तथा नीतिगत पक्षका व्यावहारिकताले सिर्जना गरेका अन्योल पनि उत्तिकै महत्वपूर्ण छन् । यी दुवैका लागि धेरै दृष्टान्त प्रस्तुत गर्न सकिन्छ । सार्वजनिक तथा सरकारी सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु संविधानले व्यवस्था गरेको नागरिक कर्तव्य हो । यद्यपि सरकारी सवारीसाधन र सरकारी कार्यालय नागरिकको सहजताभन्दा बढी कर्मचारीको हित अनुकूल प्रयोग हुन्छन् भन्ने गुनासो छ । यो सोचाइका बिचमा रहेर नागरिकले सार्वजनिक स्रोत र सम्पत्तिमाथि आफ्नो अपनत्व महसुस गर्नै सक्दैनन् । अझ सार्वजनिक स्रोतको प्रयोग गरी खरिद भएका भौतिक साधनको उपयोग सम्बन्धमा भएका कानुनी व्यवस्था फिक्का हुँदा नागरिक आक्रोश झनै बढ्छ । उदाहरणका लागि राजनीतिक पदाधिकारीका रूपमा सवारीसाधनका लागि गाउँपालिकाको प्रमुखले मासिक ७०-८० लिटर इन्धन पाउने कानुनी व्यवस्था हुन्छ, जसले कतिपय भूगोलमा आफ्नो मातहतको सरकारको एक फन्को लगाउन पुग्दैन । नैतिकताको पाठ मात्र अध्ययन गर्न राजनीतिक पदाधिकारीहरू सुविधाका लागि नभएर सेवाका लागि आउने हुँदा यो दृष्टान्त उपयुक्त नदेख्नु हाम्रो जस्तो आर्थिक अवस्था र राजनीतिक संस्कार भएको मुलुकमा कतिसम्म व्यावहारिक छ, त्यो आफैँमा सोचमग्न विषय हो । यो समस्या गाउँका सिंहदरबारदेखि काठमाडौँको सिंहदरबारसम्म छ । कानुनी बाध्यताले कतिपय कुरा रोक्न नसकिने हुँदा सार्वजनिक निकायमा स्रोतको यस किसिमको प्रयोगको सम्बन्धमा बर्सैपिच्छे बेरुजु कायम हुन्छ । अन्ततः पारदर्शिताको अभ्यास विकेन्द्रीकरण भएसँगै यस्ता विषय नागरिकमा नकारात्मकता भर्न पर्याप्त हुन्छन् । यति हुँदाहुँदै पनि न त कानुनी व्यवस्थाको सुधार गरी व्यावहारिक बनाइएको छ न त वैकल्पिक उपाय अवलम्बन गरिएको छ । यो हाम्रो सार्वजनिक क्षेत्रमा विद्यमान समस्याको परम्परागत संस्कृति हो ।

सार्वजनिक निकायलाई पारदर्शिताको छडी धेरै देखाइएको छ तर यसबाट उत्पन्न भएको एउटा वास्तविक अवस्था यस्तो छ कि, सार्वजनिक सेवाप्रदायक पदाधिकारी अख्तियारमा पर्ने उजुरी, न्याय सम्पादनको समयावधि र सामाजिक प्रतिष्ठा आदिका कारण जागिर जोगाउने बहानामा अनिर्णीत अवस्थामा बस्ने प्रवृत्ति बढेको छ । प्रक्रियामा हुने अनियमितताको छानबिन गर्ने संयन्त्रमा राजनीतिको छाया, न्याय प्रणालीको जटिलता, प्राविधिक जनशक्तिको कमी, सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा अनुदार संस्कृति तथा कार्यप्रकृति र बोझको तुलनामा भद्दा जनशक्ति संरचना आदिका कारण लगानीको प्रतिफल हासिल हुन सकेको छैन । राज्यले शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रमा गरेको लगानी कुल बजेटको झन्डै एक चौथाइ हुन्छ । विडम्बना यी क्षेत्रमा सरकारी गुणस्तर कमजोर त भएको छ नै । साथसाथै बजारीकरण होइन, सामाजिक विकास अन्तर्गतको सेवामा पनि व्यापारीकरण भएको छ । यीलगायत अधिकांश सार्वजनिक सेवाप्रदायकको सन्दर्भमा योग्यता प्रणालीबाट जनशक्ति छनोट गरिएको छ तर प्रतिस्पर्धी बनाउन पर्याप्त प्रयत्न भएका छैनन् । निजामती कर्मचारी संयन्त्र राजनीतिको रबर स्ट्याम्प भएको आरोप लाग्ने गरेको छ । यस सङ्गठनभित्र पनि प्रथम श्रेणीको अधिकृत नहुँदासम्म अनिवार्य खुला परीक्षा प्रणालीबाट वृत्ति निर्माण र विकास गर्नुपर्ने हुँदा उत्प्रेरणाको कमजोर अभ्यास छ । प्रस्तुत तमाम मामिलाले गर्दा सार्वजनिक निकायमा कार्यरत जनशक्तिको गुणस्तर कमजोर बनेको छ । यसको नतिजा कमजोर कार्यसम्पादनमार्फत नागरिकमा असन्तुष्टि र विकासको गति धिमा हुन्छ ।

जति पनि सार्वजनिक सेवाको प्रभावकारी वितरणका अवरोध छन् । तिनीहरूमध्ये सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा भएको ढिलासुस्तीबाहेक व्यवहारजन्य पक्षले नै धेरै ठाउँ ओगटेको छ । सार्वजनिक निकायमा कार्यरत जनशक्तिले आफ्नो नैतिकवान् आचरणमार्फत सेवाग्राहीलाई अँगाल्न सक्नेबित्तिकै धेरै समस्या समाधान हुन्छन् । सार्वजनिक स्रोतसाधनको उपयोगमा नागरिकलाई अपनत्व बोध गराउने, काम गरेकै कारण वृत्ति प्रणाली समाप्त हुन्छ भन्ने भ्रममुक्त गर्ने, निष्पक्ष न्याय प्रणालीप्रति सबैलाई विश्वस्त पार्ने, सामाजिक विकासतर्फ भएको लगानीको प्रतिफल उठाउन पहल गर्ने तथा अन्तर्राष्ट्रियस्तरमा भरपर्दो र बलियो कूटनीतिक सम्बन्ध निर्माणमा सक्षम कर्मचारी संयन्त्रको विकास गर्ने हो भने सार्वजनिक सेवाको साख फर्काउन कति पनि समय लाग्दैन । यसका लागि सेवा प्रवाहकर्ताले नै बढी रुचि राख्नु पर्छ । सबै प्रकारका संरचना निर्माणमा राज्यले पहलकदमी लिनु पर्छ ।

# असार लाग्दै झापामा बाढीको बितण्डा









बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा


सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०


मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान


## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७२१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

- **मेष** रोकिएका कामहरू पुनः सुरु हुन सक्छन् । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।
- **वृष** आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सौन्दर्यतामा धन खर्च हुनेछ ।
- **मिथुन** सुखदुःख बराबरी खालको समय रहनेछ । सद्विचारले अभिप्रेरित लाभ मिल्नेछ ।
- **कर्कट** जोशजाँगर र उमङ्ग बढ्नेछ । नयाँ काममा हात हाल्ने समय छ ।
- **सिंह** सरकारी निकायको भय रहला । शेयर बजारले पनि साथ नदेला ।
- **कन्या** मिष्ठान्न भोजन प्राप्ति होला । तपाईंलाई कसै कसैले भित्र भित्रै मन पराउन सक्छन्
- **तुला** कलहको योग भएकाले कसैसँग बोल्दा वा ठट्टा गर्दा सतर्कता अपनाउनुहोला ।
- **वृश्चिक** आर्थिक क्षेत्रमा सङ्कट आउला, तर साँझमा मन प्रसन्न रहनेछ ।
- **धनु** आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।
- **मकर** नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।
- **कुम्भ** ठूलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । सामान हराउने भय पनि छ ।
- **मिन** आज आफन्तसँग सहकार्यको अवसर मिल्नेछ । एउटै कामबाट दोहोरो लाभ